# गढीमाई नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

समनपुर, रौतहट

प्रदेश नं. २, नेपाल

**आन्तरिक आय ठेक्का बन्दोवस्त गर्नको लागि शिलवन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना !**

**प्रथम पटक प्रकाशित मिति :- २०७८/०३/०१**

यस गढीमाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको मिति २०७८।०२।३१ गतेको निर्णय अनुसार स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६१ बमोजिम आर्थिक वर्ष २०७८/०७९ को लागि शिलबन्दी बोलपत्रको माध्यमबाट तपसिलमा उल्लेखित ठेक्काहरु बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक इजाजत प्राप्त फर्म, कम्पनी वा व्यक्तिहरुबाट निम्नानुसारका शर्तहरुलाई पालना गर्ने गरी आफ्नो फर्म दर्ता/नवीकरण प्रमाणपत्र, मुल्य अभिवृद्धि कर (भ्याट) दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, आ.व. ०७६/०७७ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु सहित यस कार्यालयबाट पछि फिर्ता नहुने गरी तोकिएको दस्तुर बुझाई बोलपत्र फाराम खरिद गरी आफुले कबोल गरेको अंक भरी रितपूर्वक शिलबन्दी बोलपत्र पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| सि. नं. | ठेक्का नं. | ठेक्काको किसिम | ठेक्का भोगचलन गर्न पाउने क्षेत्र | न्यूनतम अंक (मुल्य अभिवृधि कर बाहेक) | बोलपत्र बिक्री दस्तुर | धरौटी रकम | बोलपत्र खरिद गर्ने समयावधि |
|---|---|---|---|---|---|---|---|
| १ | १ | (क) माछा घाट | समनपुर घाटदेखि मदनपुर घाटसम्म | १,५०,०००।- | ३००।- | ५ प्रतिशत | सुचना प्रथम पटक प्रकाशित मितिले १५ दिन भित्र |
| | | (ख) माछा घाट | लक्ष्मीपुर घाटदेखि धर्मपुर घाटसम्म | १,००,०००।- | ३००।- | ५ प्रतिशत | सुचना प्रथम पटक प्रकाशित मितिले १५ दिन भित्र |
| २ | २ | हाट बजार (विटौरी ) कर (क) मलाहीटोल हाट बजार | साविक गा.वि.स. संग्रामपुर, वरियारपुर सिमानाभित्र (हाल गढीमाई न.पा.- ४, ८, ९) | ३,००,०००।- | ३००।- | ५ प्रतिशत | सुचना प्रथम पटक प्रकाशित मितिले १५ दिन भित्र |
| | | (ख) समनपुर हाट बजार | साविक गा.वि.स. समनपुर सिमाना भित्र (हाल गढीमाई न.पा. १) | ७,००,०००।- | ३००।- | ५ प्रतिशत | सुचना प्रथम पटक प्रकाशित मितिले १५ दिन भित्र |
| ३ | ३ | भौतिक पूर्वाधार उपभोग कर- समनपुर-गरुडा सडक | समनपुर-गरुडा सडक | १५,००,०००।- | ५००।- | ५ प्रतिशत | सुचना प्रथम पटक प्रकाशित मितिले १५ दिन भित्र |

**शर्त तथा बन्देजहरु :**

१. माथि उल्लेखित सम्पूर्ण ठेक्काहरुको समयावधि सम्झौता भएको मिति देखि लागू हुने गरी २०७९ साल असाढ मसान्तसम्म हुनेछ ।

२. बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) औ दिन मिति २०७८।०३।१५ गतेसम्म कार्यालय समयभित्र खरिद गर्न सकिनेछ र खरिद भएका बोलपत्रहरु १६ (सोह्र) औ दिन मिति २०७८।०३।१६ गते दिनको १२ :०० बजेभित्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । दर्ता भएका उक्त बोलपत्रहरु कार्यालयमा विभिन्न कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाताहरु/प्रतिनिधिहरुको रोहवरमा सोही दिन दिनको २:०० बजे खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि शिलबन्दी बोलपत्र खोल्न कुनै किसिमको बाधा पर्ने छैन । साथै बोलपत्र फाराम खरिद गर्ने, दर्ता गर्ने र खोलिने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो दिनको भोलिपल्ट कार्यालय खुलेको दिनलाई क्रमशः बोलपत्र खरिद, दर्ता गर्ने र खोलिने अन्तिम दिन मानिनेछ ।

नगेन्द्र यादव

नि. प्रमुख प्रशासकीय अधिकृत

३. शिलबन्दी बोलपत्र दाखिला गर्दा बोलपत्र जमानत (Bid security) धरौटी वापतको रकम स्वदेशी नागरिकहरुको हकमा बोल कबोल अंकको ५ प्रतिशत र विदेशी नागरिकको हकमा १० प्रतिशत रकम यस कार्यालयको बैंक अफ काठमाडौं. लि., गढीमाई शाखामा रहेको ग.३- स्थानीय तह धरौटी खाता (गढीमाई न.पा.) नं.०१७९००००१३२५२४ मा जम्मा गरेको सक्कल भौचर शिलवन्दी बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

४. शिलबन्दी नगरी वा म्यादभित्र प्राप्त नभएका बोलपत्रहरु उपर कुनै कारवाही हुने छैन ।

५. एक फर्म/कम्पनी वा व्यक्तिबाट खरिद गरिएका बोलपत्रहरु अर्को फर्म/कम्पनी वा व्यक्तिले प्रयोग गर्न पाइने छैन ।

६. बोलपत्रदाताहरुले बोलपत्रमा कबोल गरेको दर रेट अंक र अक्षरमा प्रष्ट खुलाई पेश गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दर रेटलाई मान्यता दिइनेछ ।

७. न्युन्तम अंक आ.व.२०७८/०७९ (एक वर्ष) को लागि कायम गरिएको छ । कोभिड-१९ संक्रमणको महामारी रोकथाम तथा नियन्त्रण गर्नका लागि नेपाल सरकारबाट जारी हुने बन्दाबन्दी (लकडाउन) वा निषेधाज्ञाका कारण ठेक्का नलागेको अवधीको ठेक्का रकम दामासाहीले मिनहा गरी ठेक्का सम्झौता गरिनेछ । ठेक्का सम्झौता पश्चात कुनै कारणले बन्दाबन्दी भई हाट बजार लाग्न नसकेमा दामासाहीले यकिन गरी ठेक्का रकम फिर्ता गरिनेछ ।

८. बोलपत्र स्वीकृत भएको ७ (सात) दिनभित्र कबोल गरेको दर रेट बमोजिमको रकम एकमुष्टै यस कार्यालयको बैंक खातामा दाखिला गर्नुपर्नेछ । एकमुष्ट रकम बुझाउनेहरुलाई १०% छुट दिइनेछ । तोकिएको समयावधि भित्र रकम नबुझाएमा धरौटी रकम जफत गरी क्रमश: अर्को बोलपत्र स्वीकृत गरिनेछ ।

९. मु.अ. करमा दर्ता नभएको व्यक्तिको हकमा ठेक्का स्वीकृत भए पछि संझौता गर्नु अगावै मुल्य अभिवृद्धि करमा दर्ता भई सोको दर्ता प्रमाण पेश गर्नुपर्नेछ ।

१०. बन्द, हडताल लगायत स्थानीय व्यक्तिहरुद्वारा ठेक्का भोग चलन गर्न नदिएको जस्ता जुनसुकै कारणबाट ठेकेदारलाई क्षति पुग्न गएमा सोको क्षतिपूर्ति यस कार्यालयबाट भुक्तानी गरिने छैन । साथै राजश्व छुट (मिनहा) गरिने, दिइने छैन ।

११. बोलपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१२. यस सूचनामा उल्लेख भएको कुरा यसै अनुसार र नभएको कुराको हकमा सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित कानून बमोजिम हुनेछ ।

१३. अन्य कुरा बुझ्न आवश्यक परेमा कार्यालय समयमा यस कार्यालयको राजश्व शाखाको सम्पर्क नं. ९८५५०४०७२७ मा सम्पर्क गर्न सकिनेछ ।

नि.प्रमुख प्रशासकीय अधिकृत

नागेन्द्र यादव

नि. प्रमुख प्रशासकीय अधिकृत